

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार ३ गते शुक्रबार ❑ 17 June 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।-

## खर्च धान्न सक्ने बजेट ल्याएको छुः अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशमा खर्च धान्न सक्ने बजेट ल्याएको दाबी गरेका छन् ।

बुधबार सदनमा बजेट प्रस्तुतः गरेका अर्थ मन्त्री बरालले विहिबार मन्त्रालयमै आयोजित पत्रकार सम्मेलनमा बजेट कार्यान्वयन गर्न सक्ने र आफ्नो क्षमताले धान्ने प्रकारको बजेट ल्याएको दाबी गरेका हुन् ।

गण्डकी प्रदेशको चालु आवको बजेट कार्यान्वयन योग्य, स्रोतका दृष्टिकोणले धानिन सक्ने, धान्न सक्ने खालको रहेको मन्त्री बरालले दाबी गरे । प्रदेशको स्रोत प्राप्तिको अवस्था, खर्च गर्न सक्ने क्षमताको विश्लेषण गरी यथार्थताको धरातलमा टेकेर बजेट प्रस्तुत गरिएको बताउदै मन्त्री बरालले काल्पनिकतामा रमाएर आम्दानी विश्लेषण नै नगरी कार्यान्वयन नै नहुने महत्वाकांक्षि कार्यक्रम प्रस्तुत गर्नुको अलावा कार्यान्वयन हुसनसक्ने धान्न सक्ने खालको योजना समावेश हुनु बढि उपयोग हुने विश्वास लिएको जनाए । एक निर्वाचन क्षेत्र एक प्रादेशीक सडक, सवै पालिकाका केन्द्र जोड्ने सडक, प्रदेशका रणनीतिक महत्वका योजनालाई प्रदेश सरकारले प्रथामिकता दिएको मन्त्री बरालले जनाए । आर्थिक, सामाजिक र भौतिक पूर्वाधार आयोजनाको निर्माण कार्य अघि बढ्ने र सेवा क्षेत्र विस्तारित हुने र समृद्ध प्रदेश-सुखी प्रदेशवासीको आकांक्षा हासिल गर्न थप योगदान पुर्‍याउने अपेक्षा सहित बजेट कार्यान्वयनमा सबैको साथ र सहयोगको अपेक्षा गरेको मन्त्री बरालले बताए ।



मन्त्री बरालले टुक्रे र २/४ लाखे योजना कार्यान्वयनमा समेत समस्या भएकोले प्रदेशले निर्माणको हकमा न्यूनतम १० लाखका योजनालाई प्रथामिकता दिएको बताए । सानो नितो रकम विनियोजन हुनु आफ्नो ठाँउमा होला तर निर्माणको काममा न्यूनतम १० लाखको योजनालाई प्रथामिकता दिएको बताउदै मन्त्री बरालले निर्माणका कुनै पनि योजना १० लाख भन्दा तलको बजेट विनियोजन गर्न नहुने आफ्नो मान्यता भएको प्रष्ट पारे । कुनै पनि सरकार अविछिन्न उत्तराधिकारी भएको बताउदै मन्त्री बरालले प्रदेशको प्रारम्भमा सरकारले अघि सारेका रणनितीक महत्व र प्रदेशका गौरवका योजनालाई भने प्रथामिकता दिएको बताए । अघिल्लो सरकारले प्रदेशको आर्थिक विकासको मुल आधार पर्यटन र कृषि जुन रुपमा अघि बढाएको थियो तर हामीले भने कृषिलाई पहिलो प्रथामिकतामा राखेका छौं । कृषिलाई सवलीकरण, व्यवसायी, आधुनिकिकरण, बजारीकरणसंगै उत्पादनसंग नजोडिकन प्रदेशको आर्थिक विकास गर्न नसकिने मन्त्री बरालको भनाई थियो । खाद्य पदार्थको आयातलाई रोक्नको लागि कृषि क्षेत्रलाई प्रथामिकता दिर्दै उत्पादन गर्नुको विकल्प नभएको उहाँको भनाई थियो । गण्डकी प्रदेशले कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा र पूर्वाधारलाई प्रथामिकता दिएको मन्त्री बरालले जनाए ।

अन्तरसरकारी समन्वय र पारस्पारिक सहयोगलाई प्रभावकारी बनाइ संघीयताको सुदृढ कार्यान्वयन तथा उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरी प्रदेश समृद्धिका आधार तयार गर्ने उद्देश्य सहित ल्याइएको यो बजेटले मुख्यतः कृषि प्रवर्द्धन र व्यावसायीक उत्पादन, कृषियोग्य जमिनमा सिंचाई सुविधा विस्तार, आधारभूत खानेपानीमा सबैको पहुँचको सुनिश्चितता, आधार भूत स्वास्थ्य, पुर्वाधार विकास, समावेशिता र सामाजिक न्यायलाई आफ्नो प्राथमिकतामा राखेको मन्त्री बरालले बताए । उहाँले भन्नु भयो "हाम्रा आवश्यकता असिमित छन, चाहनाहरू धेरै छन् तर स्रोतको सिमितता छ, सिमित स्रोतबाट आवश्यकताहरूलाइ प्राथमिकिकरण गरी हाम्रा आवश्यकताहरू क्रमशः पुरा गर्दै लैजानुपर्ने वर्तमान यथार्थता हो ।"

बजेट तयार गर्दा गण्डकी प्रदेश सरकारको चालु आवको नीति तथा कार्यक्रम लाइ मुख्य आधार मानि, नेपालको संविधान, पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, राजनीतिक दल, विज्ञ लगायत सबै क्षेत्रका सरोकारवालाहरुको सुझावलाइ ध्यान दिदै विषयगत मन्त्रालयबाट पेश भएका कार्यक्रमलाई प्राथमिकीकरण गरिएको मन्त्री बरालले जनाए ।

एक निर्वाचन क्षेत्र एक कृषि सडक, संघ प्रदेश र स्थानिय तहसंगको साझेदारीमा कृषि उत्पादनमा आत्मनिर्भर कार्यक्रम, कृषक टप अप ग्राण्ट, लिफ्टिङ्ग खानेपानीमा लाग्ने विद्युत महसुलमा छुट, नदिमा आधारित विकास गूरूयोजना, मुस्ताङ काली गण्डकीको जग्गा उकास र स्याउ खेती, जलासयमा आधारित सिंचाई आयोजनाहरू, विद्युत्तीय चार्जिङ्ग स्टेशन स्थापना र विद्युतीय सवारी साधनको प्रयोगमा जोड, सिक्दै कमाउदै कार्यक्रम ल्याएको मन्त्री बरालले जनाए । त्उसै गरी जेष्ठ नागरिक दिवा सेवा केन्द्र जेष्ठ नागरिकका लागि निशुल्क स्वास्थ्य परीक्षण, डायलासिस सेवा विस्तार, लमजुङ अस्पताललाई सरकारीकरण गर्ने, बाग्लुङ्ग धौलागिरी अस्पत्तालको लागि सिटी स्क्यान खरिद, सामुदायिक वन पोखरी कार्यक्रम, पोखरा महानगरपालिका सँगको साझेदारीमा बसपार्क व्यवस्थापन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन जस्ता नितान्त नयाँ कार्यक्रमहरू प्रस्ताव गरिएको छ, भने प्रदेशको विकासको लागि महत्वपुर्ण रहेका विगतदेखि सञ्चालनमा रहेका प्रदेश गौरवका सडक, एक निर्वाचन क्षेत्र एक सडक, रणनीतिक महत्वका सडक, स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडक, विभिन्न प्रादेशिक सडक, सडक पुल र झोलुङ्गे पुल लगायतका पूर्वाधार निर्माणका कार्यक्रमहरूलाइ निरन्तरता प्रदान गरिएको छ । त्यसै गरी प्रदेश विकासको गौरव गण्डकी विश्वविद्यालयको प्रभावकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फेरि बढेर आयो पेट्रोलियम पदार्थको खरिद मूल्य

**रासस**
**काठमाडौं, २ असार**

पेट्रोलियम पदार्थको खरिद मूल्य फेरि बढेर आएको छ । इन्डियन आयल कर्पोरेशन (आइओसी)ले बिहीबार पठाएको नयाँ मूल्यअनुसार पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य बढेर आएको छ ।

आइओसीले पठाएको मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर छ रुपैयाँ ५२ पैसा, डिजेलमा प्रतिलिटर १९ रुपैयाँ तीन पैसा र हवाई इन्धनमा प्रतिलिटर रु ९१ रुपैयाँ ९१ पैसा बढेको छ । नयाँ मूल्यअनुसार निगमलाई पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ २८ पैसा, डिजेलमा प्रतिलिटर ३७ रुपैयाँ १६ पैसा, हवाई इन्धन (आन्तरिक) मा दुई रुपैयाँ ७० पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ७५१ रुपैयाँ १४ पैसा घाटा छ । खरिद मूल्य बढेसँगै आगामी १५ दिनमा करिब रु चार अर्ब ७१ करोड घाटा हुने निगमको प्रक्षेपण छ । हवाई इन्धन (बाह्य) र मट्टितेलमा सामान्य नाफा रहेको निगमले जनाएको छ ।

नयाँ खरिदमूल्यमा विभिन्न शीर्षकको कर थप्दा पेट्रोलको खरिद लागत प्रतिलिटर २०९ रुपैयाँ २८ पैसा, डिजेलको २०२ रुपैयाँ १६ पैसा, मट्टितेलको १४७ रुपैयाँ ९९ पैसा, हवाई इन्धन (आन्तरिक)को १६८ रुपैयाँ ७० पैसा, हवाई इन्धन (बाह्य)को प्रतिलिटर १४७ रुपैयाँ ८९ पैसा र एलपी ग्यासको प्रतिसिलिण्डर दुई हजार ५५१ रुपैयाँ १५ पैसा पुगेको छ ।

निगमलाई हालको बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ २८ पैसा, डिजेलमा प्रतिलिटर ३७ रुपैयाँ १६ पैसा, हवाई इन्धन (आन्तरिक)मा दुई रुपैयाँ ७० पैसा घाटा तथा मट्टितेलमा प्रतिलिटर १७ रुपैया एक पैसा र हवाई इन्धन (बाह्य) मा प्रतिलिटर ४४ रुपैयाँ ६३ पैसा नाफा छ । हाल पेट्रोलको बिक्री मूल्य प्रतिलिटर रु १७८, डिजेल/मट्टितेलको रु १६५, हवाई इन्धन (आन्तरिक)को रु १६६, हवाई इन्धन (बाह्य) प्रतिलिटर १.५४ अमेरिकी डलर र एलपी ग्यासको बिक्री मूल्य प्रतिसिलिण्डर एक हजार ८०० छ । नयाँ मूल्यसूचीका आधारमा पाक्षिक रुपमा पेट्रोलमा रु ९५ करोड, डिजेलमा रु दुई अर्ब ९१ करोड, हवाई इन्धन (आन्तरिक) मा रु ६६ लाख र एलपी ग्यासमा रु एक अर्ब १४ करोड घाटा हुने निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय रुपमा पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर उकालो लाग्दै गएको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री वितरण सहज बनाउन पेट्रोलियम पदार्थको खुद्रा बिक्री लागत मूल्य सरह नै हुने गरी कायम गर्नुपर्ने स्थिति रहेको निगमले जनाएको छ ।

## हाकिम होइन, सेवक भएर काम गर्नुस् : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २ असार**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जनताले दिएको विश्वास र अभिभारालाई तलमाथि पर्न नदिने गरी सेवक भएर काम गर्न स्थानीय तहका आफ्ना जनप्रतिनिधिलाई निर्देशन दिनुभएको छ ।

सो पार्टीको केन्द्रीय स्कुल विभागले बिहीबार काठमाडौँमा आयोजना गरेको दुईदिने प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री ओलीले जनतासँग शालिन र विनम्र भएर हाकिमजस्तो नभई सेवकका रूपमा सेवा दिन आग्रह गर्नुभएको हो । "चुनाव जितिसेकेपछि तपाईंहरू साझा मान्छे बन्नुभएको छ । अब तपाईंहरूका पाइला-पाइलामा जाँच हुन्छ । पार्टीका मार्गदर्शन र विचारका आधारमा जनतालाई सेवा गर्ने काममा कुनै कमजोरी नगर्नुहोला ।" अध्यक्ष ओलीले पार्टीको जिम्मेवारीमा रहेर पार्टी र नेतृत्वको विरोध, बदनाम र विस्थापन गर्न लाग्नेहरूलाई समयक्रममा हिसाब-किताब हुने चेतावनी दिँदै स्थानीय तहको निर्वाचनको परिणामा प्रमुखहरूमा अपेक्षाकृत कम जिते पनि लोकप्रिय मतमा एमाले अगाडि रहेकाले कार्याकर्तालाई निराश नहुन आग्रह गर्नुभयो । अध्यक्ष ओलीले स्थानीयभन्दा ठूलो महासङ्ग्राम (सङ्घीय र प्रदेशको निर्वाचन) आउन लागेकाले त्यसमा जुट्न सबैलाई आग्रह गर्नुभयो । गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा एमालेबाट विजयी नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख-उप्रमुखलाई प्रशिक्षण दिइएको हो । प्रशिक्षणमा पार्टीका महासचिव शङ्कर पोखरेल, उपमहासचिव प्रदीपकुमार ज्ञवाली, पार्टीको केन्द्रीय लेखा आयोगका अध्यक्ष डा पुष्पराज कँडेललगायतले पार्टी र स्थानीय तहका जनप्रतिनिधिको सम्बन्ध, बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलगायत विषयमा प्रशिक्षण दिनुहुनेछ ।

## यो सरकारले एसपिपी सम्झौता गर्दैन, ओली सरकारका पालामा कार्यान्वयन गर्ने काम भयो : अध्यक्ष प्रचण्ड

**रासस**
**काठमाडौं, २ असार**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन सरकारले 'स्टेट पार्टनरसीप प्रोगाम' (एसपिपी) सम्झौता नगर्ने प्रष्ट पार्नुभएको छ ।

२१औं रितबहादुर खड्का स्मृति दिवसका अवसरमा बिहीबार पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा उहाँले सरकार नेपालको राष्ट्रियता स्वाधिनताको पक्षमा दृढतापूर्वक उभिने र त्यस्तो खालको कुनै सम्झौता नगर्ने विश्वास दिलाउनुभयो ।

अध्यक्ष प्रचडले वर्तमान सरकार यो सम्झौता गर्नेतर्फ नलाग्ने बरु यस अघिको ओली सरकारले उक्त सम्झौताको कार्यान्वयन गर्ने काम गरेको तथ्य इतिहासमा भेटिने जिकीर गर्नुभयो । एसपिपीका विषयमा चर्चा गरेर राष्ट्रवादको झुठो प्रचार गर्ने काम भएको पनि उहाँले दाबी गर्नुभयो । उहाँले भन्नुभयो "बरु यो एसपिपी सम्झौता कार्यान्वयन गर्ने काम सन् २०१९ मा केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको तथ्य इतिहासमा छ, यो कुरा हामी सबैले बुझ्न जरुरी छ", उहाँले भन्नुभयो । "एसपिपी सम्झौता हुँदैछ रे, भइ नै सक्यो रे भनेर जुन ढङ्गले प्रचार गरिएको छ, त्यो झुठो हो । प्रधानमन्त्री र गठबन्धनमा भएको छलफलअनुसार अहिलेसम्म त्यस्तो कुनै सम्झौता भएको छैन", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "त्यस्तो कुनै सैन्य सम्झौता हुने छैन भन्ने घोषणा म यहाँबाट गर्न चाहन्छु ।" प्रधानमन्त्री शेरबहादुर देउवाले आफूले कुनै पनि हालतमा त्यस्तो खालको सम्झौता गर्दिनँ भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको जनाउँदै अध्यक्ष प्रचण्डले सरकारले सम्झौता गर्न लाग्यो भनेर कोही भ्रममा पर्न जरुरी नभएको बताउनुभयो ।

गठबन्धन सरकार एसपिपी सम्झौता गर्नेमा नलाग्ने विश्वास दिलाउँदै उहाँले भन्नुभयो, "गठबन्धन त्यस्तो कुरामा लाग्दैन । हामी नेपालको राष्ट्रिय स्वाधिनता तथा नेपालको विकास र समृद्धिको पक्षमा दृढतापूर्वक उभिन्छौं ।"

## एसपिपीसम्बन्धी कुनै निर्णय भएको छैन र हुँदैन : सञ्चारमन्त्री कार्की

**रासस**
**काठमाडौं, २ असार**

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले संयुक्त राज्य अमेरिकाको 'स्टेट पार्टनरसीप प्रोग्राम' (एसपिपी) सम्बन्धमा सरकारका तर्फबाट कुनै निर्णय नभएको स्पष्ट पार्नुभएको छ ।

विनियोजन विधयेक, २०७९ अन्तर्गत रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट बिहीबार जवाफ दिँदै उहाँले सो कुरा बताउनुभएको हो । मन्त्री कार्कीले प्रधानमन्त्रीका तर्फबाट आजै गृहमन्त्री बालकृष्ण खाणले पनि एसपिपीका बारेमा स्पष्ट पारिसक्नुभएको उल्लेख गर्दै एसपिपीबारेमा हालसम्म कुनै निर्णय नभएको र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# फेरि मुल्य बृद्धीको त्रास

नेपाली उपभोक्ता पेट्रोलियम पदार्थको चर्को मुल्यमा किन्न बाध्य भएको बेला फेरी भाउ बढ्ने भएको छ । भारतसंग पेट्रोलियम पदार्थ किन्दै आएको नेपालको अवस्था 'खाए खा नखाए घिच' जस्तै भएको छ । भारतीय आयल कर्पोरेसन (आईओसी)ले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको नयाँ मूल्य सूची पठाएको छ । आईओसीले बिहिबार (जून १६)मा पठाएको मूल्य सूचीअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य बढेको छ । नेपाल आयल निगम घाटा ब्यहोर्न सक्ने अवस्थामा नभएको हुँदा नेपाली जनता फेरि चर्को मुल्य तिर्न बाध्य हुनेछन् ।

भारतीय आयल कर्पोरेसन १५/१५ दिनमा मूल्य सुची पठाउने गर्दछानेपाल सरकारले स्वचालित मुल्य तोक्न नेपाल आयल निगमलाई अनुमति दिएको छ । निगमका प्रवक्ता बिनितमणी उपाध्यायका अनुसार बढेर आएको पेट्रोलमा प्रतिलिटर ६ रुपैयाँ ५२ पैसा, डिजेलमा प्रतिलिटर १९ रुपैयाँ ३० पैसा र हवाई इन्धनमा प्रतिलिटर १९ रुपैयाँ ९१ पैसा बढेर आएको छ । 'नयाँ मूल्य सूची अनुसार निगमलाई पेट्रोलमा प्रतिलिटर ३१ रुपैयाँ २८ पैसा, डिजेलमा ३७ रुपैयाँ १६ पैसा, हवाई इन्धन आन्तरिकमा २ रुपैयाँ ७० पैसा घाटा छ,।' 'जून १ को मूल्यअनुसार ग्यासमा प्रतिसिलिन्डर ७ सय ५१ रुपैयाँ १४ पैसा घाटा छ । हवाई इन्धन अन्तर्राष्ट्रिय र मट्टितेलमा केही नाफा भए पनि समग्रमा १५ दिनको घाटा ४ अर्ब ८१ करोड पुगेको निगमको दावी छ ।

नयाँ मुल्य आएपछि सरकारी स्वामित्वको निगमले मूल्य वृद्धिको निर्णय हुने उपभोक्तामा त्रास छ । सकभर पेट्रोलियम पदार्थको मुल्य नबढाउन संसदले सरकारलाई निर्देशन दिएको छ । पूर्ण सरकारी स्वामित्वको निगमले घाटा चुलिँदै गएको बहानामा उपभोक्तामाथि पुनः मूल्यवृद्धि थोपरेमा आश्चर्य मान्नु पर्दैन । सडक मर्मत, प्रदुषण नियन्त्रण, पूर्वाधार विकास कर लगायतका ७ शीर्षकमा सरकारले अहिले भन्सार विन्दुमै उपभोक्ताबाट कर असुल गरेको छापूर्वाधार विकास कर भनी सरकारले पेट्रोलियम पदार्थमा उठाएको कर १० रुपैयाँ प्रति लिटर घटाए पनि अन्य कर यथावत छ ।

पेट्रोलियम पदार्थको मूल्य हालसम्मकै उच्च विन्दूमा पुगदा पनि सरकार भने करबारे पुनरावलेकन गर्न तयार छैन । जनताको ढाड सेक्ने गरि गठबन्धन सरकारले गरेको निर्णय परिवर्तन गर्न जनताको अधिकार र बेथिति विरुद्ध रहने राजनीतिक दल,पेशागत र नागरिक समुदायले खबरदारी र दबाबमूलक आन्दोलन गर्नु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यासित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# बाघ धपाउन पाँच राउण्ड हवाई फायर

रासस

चितवन, २ असार

निगुरो टिप्न गएकी युवतीको शव फेला परेको छ ।

भरतपुर महानगरपालिका-२७ की २३ वर्षीया रेखा बस्नेतको शव बाघले खाइरहेको अवस्था फेला परेको हो । बस्नेतको शरीरको भाग खाइरहेको अवस्थामा फेला परेपछि सो बाघलाई धपाउनका लागि नेपाली सेनाको टोलीले पाँच राउण्ड हवाई फायर गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीका अनुसार बिहान ७ बजे निगुरो टिप्न गएकी बस्नेतलाई स्थानीय राधाकृष्ण सामुदायिक वनमा बाघले आक्रमण गरेको थियो ।

# टिपर खस्दा चालकको मृत्यु

पोखरापत्र संवाददाता

तनहुँ, २ असार

पृथ्वीराजमार्गअन्तर्गततनहुँको आँबुखैरेनी गाउँपालिका-४ रुवाखोलामा पुलबाट बिहीबार बिहान ४:३० बजे टिपर खस्दा चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा म्याग्दे गाउँपालिका-६ मनपाङ बस्ने ४७ वर्षीय रामबहादुर दमै रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मुग्लिनतर्फबाट आँबुखैरेनी आउँदै गरेको ग१क ४४६९ नंको मिनी टिपर पुलबाट अनियन्त्रित भई २०/२५ मिटर तल खस्दा घाइते दमैको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार क्रममा बिहान ६:१० बजे मृत्यु भएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

# बाढीपहिराले ७५ घर क्षति

रासस

धादिङ, २ असार

तीन दिनदेखि लगातार परेको वर्षासँगै आएको बाढी पहिरोबाट त्रिपुरासुन्दरी र गङ्गाजमुना गाउँपालिकाको विभिन्न स्थानका ७५ घरपरिवार विस्थापित भएका छन् ।

गङ्गाजमुना -६ बसेरीमा वर्षाका कारण २४ घर विस्थापित भएको छ । उनीहरूले गएरातिदेखि घर छाडेर अन्यत्र गएका छन् । जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार गङ्गाजमुना -६ बुढाथुममा १४, गङ्गाजमुना -५ फूलखर्कमा १४ घर, वडा नं २ रिमा १३ घर विस्थापित जनाएको छ । विस्थापितका लागि त्रिपाल तथा टेन्टसमेत गाउँमा पुग नससकेको गाउँवासीले बताएका छन् । गङ्गाजमुना गाउँपालिका अध्यक्ष भक्त लामाले विपद् परेर विस्थापित भएकाहरूको सङ्ख्या धेरै रहेको जानकारी दिनुभयो । कच्ची सडक खन्दा ध्यान नदिएका कारण धेरै पहिरो आउँदा क्षति पुगेको नव निर्वाचित जिल्ला समन्वय समितिका प्रमुख नवराज अधिकारीले बताउनुभयो । शुक्रबार बस्ने विपद् व्यवस्थापन समितिको बैठकले पहिरो पीडितलाई राहत उपलब्ध गराउन निर्णय गरिने प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले जानकारी दिनुभयो ।

# सोह्र सडक योजनालाई १८ करोड बजेट

पोखरापत्र संवाददाता

गलकोट, २ असार

बागलुङ जिल्लाका १६ साना ठूला सडक योजनालाई सङ्घीय सरकारका विभिन्न मन्त्रलयबाट आगमी आर्थिक वर्षका लागि रु १८ करोड ६५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

बागलुङ-१ अर्न्तगतका १६ नयाँ तथा पूराना सडक, स्तरोन्नती, पूर्वाधार र कालोपत्रेका लागि बजेट बिनियोजन भएको छ । सङ्घीय सरकारको भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय र शहरी विकास मन्त्रालय अर्न्तगत १६ सडक ओजनाका लागि आर्थिक वर्ष २०७९/०८० का लागि उक्त बजेट बिनियोजन भएको बागलुङ-१ का सङ्घीय सांसद डा सूर्य पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न अधुरा सडक पूरा गर्न, भौतिक पूर्वाधार निर्माण गर्न, सडककाे पहिरो नियन्त्रण गर्न र केही सडक कालोपत्रे गर्नका लागि बजेट बिनियोजन भएको जानकारी दिनुभयो । यसैगरी मध्यपहाडी राजमार्गको अछेते-सलाम हुँदै स्वास्थ्य केन्द्र मुलठाना पुग्ने सडक स्तरोन्नतीका लागि रु एक करोड, बागलुङ बजार-तित्याङ-शान्तिपूर सडक मर्मतका लागि रु ५० लाख, बागलुङ-१० गलुवा हुँदै तल्लो गलुवा-काउँरेडाँडा-देउराली हुँदै अर्वादी सडकका लागि रु ५० लाख, बागलुङ नगरपालिका-१ मालढुङ्गा-पाग्दा-लहरेबर हुँदै अमलाचौर जोड्ने सडक स्तरोन्नतीका लागि रु एक करोड बिनियोजन भएको छ ।

यस्तै कुश्मिशेरा-जैदी-ज्यामीरे-नाम्दुक हुँदै शान्तिपुर जोड्ने सडक स्तरोन्नतीका लागि रु एक करोड, बागलुङ-डाँठे ताल बानपा-१० भकुण्डे हुँदै रायडाँडा पुग्ने सडकका लागि रु ५० लाख र बागलुङ गिठे अमलाचौर हुँदै पैयुपाटा सडक स्तरोन्नतीका लागि रु ५० लाख बिनियोजन गरिएको छ । यस्तै एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक अर्न्तगतको बागलुङ बजारको अदालत चौपारी-सिगाना-चापाखर्क-गाँजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडक कालोपत्रेका लागि रु पाँच करोड विनियोजन भएको छ । उक्त सडकको पहिलो चरणमा १० किलोमिटर सडक बागनपा-३ देखि सिगानासम्मको १० किलोमिटर सडक कालोपत्रेका लागि बहुवर्षे ठेक्का प्रकृयामा गइसकेको छ ।

यस्तै प्रदेश अर्न्तगत काम हुँने स्थानीय सडक सञ्जाल सुधार कालोपत्रे अदालत चौपारी-तित्याङ-सालबोट, भकुण्डे, रायडाँडा हुँदै दमेक र बरेङ जोड्ने सडक कालोपत्रेका लागि रु तीन करोड बजेट बिनियोजन भएको छ । यस्तै आगमी आर्थिक वर्षमा शहरी विकास मन्त्रालय अर्न्तगत बागलुङको जैमिनी नगरपालिकाको तल्लो सडक स्तरोन्नतीका लागि रु ९७ लाख, जैमिनी नगरपालिका-१ आहार चौर हुँदै भण्डार सडक स्तरोन्नतीका लागि रु एक करोड, पैयूपाटा-जलजला-भैरवस्थान सडक क्रमागत योजना अर्न्तगत कालोपत्रेका लागि रु एक करोड र बागलङ नगरपालिका-१२ अमलाचौर, छापाखोला सडक स्तरोन्नतीका लागि रु ४८ लाख ५० हजार रकम बिनियोजन गरिएको छ । यस्तै बागलुङ तित्याङ-निफन्नी-भकुण्डे सडक स्तरोन्नती गर्न रु दूई करोड, करिडोर धुरपुला-तालकुना सडक मर्मतका लागि ४८ लाख र बुकेनी-मनकामना-गैराफाँट हुँदै बौडैचौर पुग्ने सडकका लागि रु २३ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ । बजेट साउन लगत्तै कार्यान्वयनमा जाने सङ्घीय सांसद पाठकले जानकारी दिनुभयो ।

सडकमा परेको बजेट कार्यान्वयनमा गएसँगै ग्रामिण सडक, रणनैतिक योजना, बहुवर्षे, क्रमागतका योजनाले सार्थकता पाउने र जनतालाई यातयातको क्षेत्रमा सहज हुँने उहाँको भनाइ छ ।

# सुप्रिमको परिवारलाई ५० हजार राहत

पोखरापत्र संवाददाता

तनहुँ, २ असार

चितुवाको आक्रमणबाट मृत्यु भएका पाँच वर्षीय सुप्रिम बगाले मगरको परिवारलाई बन्दीपुर गाउँपालिकाले रु ५० हजार प्रदान गरेको छ ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बुधबार मृतकका बुबा प्रेम बगाले मगरलाई सो रकम हस्तान्तरण गर्नुभयो । चितुवाको आक्रमणबाट मङ्गलबार तनहुँको बन्दीपुर गाउँपालिका-१ बोडिस्वाँरामा सुप्रिमको ज्यान गएको थियो । उनी घर नजिकैको जङ्गलमा मृता फेला परेका थिए । गत आइतबार पनि सोही वडामा एक बालिका र एक पुरुष चितुवाको आक्रमणबाट घाइते भएका थिए । तनहुँमा हालसम्म १२ बालबालिकाको चितुवाको आक्रमणबाट ज्यान गइसकेको छ । डिभिजन वन कार्यालयका निमित्त डिभिजन प्रमुख दयानिधि अर्यालले चितुवाको आक्रमण बढेपछि सो क्षेत्रका सामुदायिक वनमा पासो थापिएको छ ।

डिभिजन वन कार्यालयले काजक्रियाबापत मृतकका परिवारलाई रु ५० हजार सहयोग गरेको छ । "रु नौ लाख ५० हजार छिट्टै प्रदान गर्छौं", प्रमुख अर्यालले भन्नुभयो ।

# सोह्र सडक योजनालाई १८ करोड बजेट

पोखरापत्र संवाददाता

बागलुङ, २ असार

बागलुङ जिल्लाका १६ साना ठूला सडक योजनालाई सङ्घीय सरकारका विभिन्न मन्त्रलयबाट आगमी आर्थिक वर्षका लागि रु १८ करोड ६५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

बागलुङ-१ अर्न्तगतका १६ नयाँ तथा पूराना सडक, स्तरोन्नती, पूर्वाधार र कालोपत्रेका लागि बजेट बिनियोजन भएको छ । सङ्घीय सरकारको भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय र शहरी विकास मन्त्रालय अर्न्तगत १६ सडक ओजनाका लागि आर्थिक वर्ष २०७९/०८० का लागि उक्त बजेट बिनियोजन भएको बागलुङ-१ का सङ्घीय सांसद डा सूर्य पाठकले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न अधुरा सडक पूरा गर्न, भौतिक पूर्वाधार निर्माण गर्न, सडककाे पहिरो नियन्त्रण गर्न र केही सडक कालोपत्रे गर्नका लागि बजेट बिनियोजन भएको जानकारी दिनुभयो । यसैगरी मध्यपहाडी राजमार्गको अछेते-सलाम हुँदै स्वास्थ्य केन्द्र मुलठाना पुग्ने सडक स्तरोन्नतीका लागि रु एक करोड, बागलुङ बजार-तित्याङ-शान्तिपूर सडक मर्मतका लागि रु ५० लाख, बागलुङ-१० गलुवा हुँदै तल्लो गलुवा-काउँरेडाँडा-देउराली हुँदै अर्वादी सडकका लागि रु ५० लाख, बागलुङ नगरपालिका-१ मालढुङ्गा-पाग्दा-लहरेबर हुँदै अमलाचौर जोड्ने सडक स्तरोन्नतीका लागि रु एक करोड बिनियोजन भएको छ । यस्तै कुश्मिशेरा-जैदी-ज्यामीरे-नाम्दुक हुँदै शान्तिपुर जोड्ने सडक स्तरोन्नतीका लागि रु एक करोड, बागलुङ-डाँठे ताल बानपा-१० भकुण्डे हुँदै रायडाँडा पुग्ने सडकका लागि रु ५० लाख र बागलुङ गिठे अमलाचौर हुँदै पैयुपाटा सडक स्तरोन्नतीका लागि रु ५० लाख बिनियोजन गरिएको छ । यस्तै एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक अर्न्तगतको बागलुङ बजारको अदालत चौपारी-सिगाना-चापाखर्क-गाँजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडक कालोपत्रेका लागि रु पाँच करोड विनियोजन भएको छ । उक्त सडकको पहिलो चरणमा १० किलोमिटर सडक बागनपा-३ देखि सिगानासम्मको १० किलोमिटर सडक कालोपत्रेका लागि बहुवर्षे ठेक्का प्रकृयामा गइसकेको छ । यस्तै प्रदेश अर्न्तगत काम हुँने स्थानीय सडक सञ्जाल सुधार कालोपत्रे अदालत चौपारी-तित्याङ-सालबोट, भकुण्डे, रायडाँडा हुँदै दमेक र बरेङ जोड्ने सडक कालोपत्रेका लागि रु तीन करोड बजेट बिनियोजन भएको छ । यस्तै आगमी आर्थिक वर्षमा शहरी विकास मन्त्रालय अर्न्तगत बागलुङको जैमिनी नगरपालिकाको तल्लो सडक स्तरोन्नतीका लागि रु ९७ लाख, जैमिनी नगरपालिका-१ आहार चौर हुँदै भण्डार सडक स्तरोन्नतीका लागि रु एक करोड, पैयूपाटा-जलजला-भैरवस्थान सडक क्रमागत योजना अर्न्तगत कालोपत्रेका लागि रु एक करोड र बागलङ नगरपालिका-१२ अमलाचौर, छापाखोला सडक स्तरोन्नतीका लागि रु ४८ लाख ५० हजार रकम बिनियोजन गरिएको छ । यस्तै बागलुङ तित्याङ-निफन्नी-भकुण्डे सडक स्तरोन्नती गर्न रु दूई करोड, करिडोर धुरपुला-तालकुना सडक मर्मतका लागि ४८ लाख र बुकेनी-मनकामना-गैराफाँट हुँदै बौडैचौर पुग्ने सडकका लागि रु २३ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ । बजेट साउन लगत्तै कार्यान्वयनमा जाने सङ्घीय सांसद पाठकले जानकारी दिनुभयो । सडकमा परेको बजेट कार्यान्वयनमा गएसँगै ग्रामिण सडक, रणनैतिक योजना, बहुवर्षे, क्रमागतका योजनाले सार्थकता पाउने र जनतालाई यातयातको क्षेत्रमा सहज हुँने उहाँको भनाइ छ ।

# व्यासगुफादेखि छिम्केश्वरी जोड्न पदमार्ग

पोखरापत्र संवाददाता

दमौली, २ असार

गण्डकी प्रदेश सरकारले तनहुँको धार्मिकस्थल व्यासगुफादेखि पर्यटकीयस्थल छिम्केश्वरीसम्म जोड्ने पदमार्ग निर्माण गर्ने भएको छ । गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले बुधबार प्रदेशसभामा आगामी वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्दै व्यासगुफाबाट छिम्केश्वरीसम्म पदमार्ग निर्माणका लागि बजेट विनियोजन गरिएको उल्लेख गर्नुभयो ।

एक स्थानीय तहः एक प्रमुख पर्यटकीय पदमार्ग निर्माण गर्ने उद्देश्यअनुरुप व्यासगुफाबाट छाब्दी-कर्लुङ-रामकोट-बन्दीपुर-हिलेखर्क-छिम्केश्वरी पदमार्ग निर्माणका लागि बजेट विनियोजन गरिएको अर्थमन्त्री बरालले बताउनुभयो । सदरमुकाम दमौलीमा रहेको व्यासगुफामा नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारतबाट समेत भक्तजन आउने गरेका छन् । महर्षि वेदव्यासको जन्मभूमि र जिल्लाकै अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई पदमार्गबाट जोड्ने गरी सरकारले बजेट विनियोजन गर्नु सकारात्मक रहेको दमौली निवासी दिपक भट्टराईले बताउनुभयो ।

समुद्री सतहबाट दुई हजार १३४ मिटर उचाइमा अवस्थित आँबुखैरेनी गाउँपालिकास्थित छिम्केश्वरीमा पूजाआजाका लागि भक्तजन पुग्ने गरेका छन् । गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ ।

सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरखा कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । त्यस्तै दमौली अस्पताललाई समय सापेक्ष स्तरोन्नति गरी सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिएको अर्थमन्त्री बरालले बताउनुभयो ।


## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/०१

यस कार्यालयबाट मिति २०७३/१२/१३ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०७ मा संचालन गर्ने गरी माफकोट शिवालय ०१ स्याङ्जा निवासी भिम बहादुर गुरुङको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. १२८५२/०७३/०७४ को भिर्कोट आँधीखोला स्टोर्स नामक फर्मको प्रोपाइटर श्री भिम बहादुर गुरुङको मिति २०७७/१२/२२ गते मृत्यु भएको हुँदा निजको श्रीमती माफकोट शिवालय ०१ बस्ने सिता गुरुङले मिति २०७९/०३/०१ मा फर्म नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार सीता गुरुङको नाममा नामसारी भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की गण्डकी प्रदेश, पोखरा**

# गण्डकीको बजेटमा समावेश प्रदेश गौरवका आयोजना

**रासस**
**बागलुङ, २ असार**

गण्डकी प्रदेश सरकारले आउँदो आवको बजेट तथा कार्यक्रममा प्रदेश गौरवका आयोजनालाई प्राथमिकता दिएको छ।

बुधबार प्रदेशसभा बैठकमा अर्थमन्त्री रामजीप्रसाद बरालद्वारा प्रस्तुत आव २०७९/८० को बजेटमा सरकारले अघि सारेका गौरवका आयोजनालाई गति दिने गरी रकम विनीयोजन गरिएको हो । भौतिक पूर्वाधारदेखि सूचना प्रविधि उद्यान सम्मका आयोजना समेटिएका छन् । प्रदेश गौरवको आयोजनाका रुपमा रहेको गण्डकी विश्वविद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि रु २४ करोड विनीयोजन गरिएको छ।

उक्त बजेटमा विश्वविद्यालयको स्वायत्तता कायम हुने गरी एकमुष्ट अनुदानको रुपमा प्रदान गरिने जनाइएको छ । पोखरा महानगरपालिका-३२ ज्ञानकुञ्जमा उक्त विश्वविद्यालयको शैक्षिक भवन निर्माणाधीन अवस्थामा छ । आफ्नै संरचना नहुँदा अहिले विश्वविद्यालय समस्यामा छ। यस्तै प्रदेश राजधानी पोखरामा बन्न लागेको सूचना प्रविधि उद्यानको विस्तृत परियोजना प्रतिवेदन तयार पारी भौतिक पूर्वाधार निर्माण गर्न रु तीन करोड ७० लाख बजेट विनीयोजन गरिएको छ। प्रदेश सरकारले गत फागुनमा नै उक्त उद्यानको शिलान्यास गरी काम अगाडि बढाएको छ । पोखरा महानगरपालिका-१८ मा बन्ने उद्यानमा सबैको सहज पहुँच हुने उल्लेख छ। प्रविधिसँगै नवप्रवर्तन, र अध्ययन-अनुसन्धानमा उक्त उद्यानले टेवा पुऱ्याउने छ। गण्डकी प्रदेशलाई प्रविधिमय बनाउने र अन्तर्राष्ट्रिय जगत्सँग जोड्न 'आइटी पार्क' निर्माण गर्न लागिएको हो। ९६ रोपनी जग्गामा सो उद्यान बन्नेछ । बजेट वक्तक्यका क्रममा अर्थमन्त्री बरालले कास्कीको पुँडिटार र नवलपुरको लोकाहाखोलामा प्रादेशिक औद्योगिक क्षेत्र र 'एक स्थानीय तह, एक उद्योग ग्राम' स्थापनाका लागि रु एक करोड बजेट विनीयोजन गरेको उल्लेख गर्नुभयो। गौरवको आयोजनाका रुपमा रहेको औद्योगिक क्षेत्र स्थापनाका लागि सरकारले यसअघि देखि नै बजेट व्यवस्था गरे पनि जग्गा अभावका कारण कामले गति लिन सकेको छैन । कतिपय जिल्लाका स्थानीय तहमा 'उद्योग ग्राम' निर्माणको काम सुरु भएपनि प्रगति न्यून देखिएको छ।

प्रदेश सरकारले गण्डकीको अर्को महत्वपूर्ण आयोजनाका रुपमा रहेको धौवादी फलाम खानी सञ्चालनका लागि रु १५ करोड बजेट विनियोजन गरेको छ। सङ्घ सरकारसँगको साझेदारीमा उक्त फलामखानी सञ्चालनमा ल्याइने बजेट/कार्यक्रममा उल्लेख छ। नेपाल सरकारले नवलपुरको धौवादीमा रहेको खानीबाट फलाम उत्खनन गर्न धौवादी फलाम कम्पनी लिमिटेड गठनसमेत गरिसकेको छ। हुप्सेकोट गाउँपालिका-५ धौवादी डाँडामा फलाम खानी भेटिएपछि सङ्घ र प्रदेश सरकारले फलाम खानी सञ्चालनको प्रक्रिया अगाडि बढाएको हो । यस्तै आउँदो वर्षभित्रमा 'उज्यालो गण्डकी प्रदेश'को लक्ष्य पूरा गर्न लघुजलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोडिने र ग्रीड नपुगेका ठाउँमा सौर्य तथा वैकल्पिक उर्जामार्फत् विद्युत सेवा पुऱ्याइने छ। जलविद्युत्मा रु ३५ करोडको वित्तीय लगानी गरिने भएको छ।

सङ्घीय सरकार र प्रदेश सरकारको लगानी साझेदारीमा जलाशययुक्त बूढीगण्डकी र उत्तरगङ्गा जलविद्युत् आयोजना यथासक्य निर्माण गर्न पहल गरिने बजेट वक्तव्यमा उल्लेख छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजना नेपाल सरकारले आफ्नै लगानीमा बनाउने घोषणा गरिसकेको छ। एक हजार २०० मेगावाट क्षमताको उक्त आयोजना लामो समयदेखि बन्न सकिरहेको थिएन । उत्तरगङ्गा जलविद्युत् आयोजना पनि लामो समयदेखि अन्यौलमा छ। बागलुङको ढोरपाटन क्षेत्रमा बन्ने उक्त आयोजना निर्माणमा सरकारी घोषणा आएको वर्षौं बिते पनि काम अगाडि बढ्न सकेको छैन।

कूल ८२८ मेगावाट क्षमताको उक्त आयोजनामा रु एक खर्ब ७० अर्ब खर्च लाग्ने अनुमान छ । प्रदेश गौरवका सडक, 'एक निर्वाचन क्षेत्र, एक सडक', रणनीतिक महत्वका सडक, स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडक, प्रादेशिक सडकल तथा पूल पूर्वाधारका लागि रु दश अर्ब बजेट विनीयोजन गरिएको छ। आगामी वर्षमा प्रदेशभित्रको २०६ किमि सडक कालोपत्र, २० सडक पुल र १५ झोलुङ्गे पुल बन्ने जनाइएको छ । सडक जोडिन बाँकी गोरखाको चुमनुब्री गाउँपालिका र मुनाङको नार्पाभूमि गाउँपालिकाका लागि रु दुई करोड बजेट विनियोजन गरिएको छ।

कोरला र त्रिवेणी नाकामा सीमा सुरक्षालाई चुस्त र मजबुत पार्न पूर्वाधार बनाइने भएको छ। गोरखाको आरुघाट हुँदै तिब्बत जोड्ने रुइला नाकासम्मको सडक निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने भएको छ। सङ्घीय सरकारसँगको सहकार्यमा उत्तर-दक्षिण द्रुतमार्ग अन्तर्गत भिमाद-त्रिवेणी खण्ड र शालिग्राम करिडोरलाई पनि बजेट विनियोजन गरिएको छ । स्थानीय तहसँगको साझेदारीमा सडक पूर्वाधार बनाउन रु ५० करोड बजेट छुट्टाइएको छ। पोखरामा अत्याधुनिक सम्मेलन केन्द्र बनाउने योजना पनि बजेट/कार्यक्रममा समावेश छ। पोखरा रङ्गशालाको स्तरोन्नतिसँगै प्रदेशभित्र खेल पूर्वाधारका लागि रु १५ करोड विनियोजन गरिएको छ । प्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउन नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि रु २२ करोड बजेट विनीयोजन गरिएको छ । प्रदेशका सबै घरधुरीमा आधारभूत खानेपानी पुऱ्याउन रु दुई अर्ब १५ करोड बजेट छुट्टाइएको बजेट वक्तव्यमा उल्लेख छ।स्थानीय तह र उपभोक्तासँगको सहकार्यमा 'एक घर, एक धारा' कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

प्रदेश सरकारले 'लिफ्टिङ' खानेपानी आयोजनामा लाग्ने विद्युत् महसुल पुरै छुट दिने घोषणा गरेको छ। त्यसका लागि रु पाँच करोड बजेट छुट्टाइएको छ । सिँचाइ आयोजनाको निरन्तरता र नयाँ निर्माणका लागि रु एक अर्ब ४५ बजेट विनीयोजन गरिएको छ । 'प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम'मार्फत सामुदायिक क्याम्पसका प्राविधिक शिक्षा र सामुदायिक विद्यालयमा प्रविधिको विस्तार एवं गुणस्तरका सुधारका लागि रु १० करोड बजेट विनीयोजन गरिएको छ।

यसअघि प्रदेश गौरवका आयोजनाका रुपमा रहेका गण्डकी प्राविधिक प्रतिष्ठान, बहुसांस्कृतिक ग्राम, गल्फ कोर्ष, अन्तर्राष्ट्रिय क्रकेट मैदान, प्रादेशिक आयुर्वेदिक अस्पताल, 'हाइ अल्टिच्युड' खेल तालिम केन्द्रलगायत भने बजेटमा समावेश छैनन्। प्रदेश सरकारले आउँदो आवका लागि कूल रु ३५ अर्ब, ९० करोड, ९० लाखको अनुमानित आय/व्यय सार्वजनिक गरेको छ। चालुतर्फ रु १३ अर्ब, २६ करोड ८८ लाख ५४ हजार पुँजीगततर्फ रु २२ अर्ब, १४ करोड, एक लाख ४६ हजार रहेको छ। प्रस्तुत बजेट/कार्यक्रमले ठूला आयोजनाको कार्यान्वयनमा तीव्रता आउने अर्थमन्त्री बरालले विश्वास व्यक्त गर्नुभयो।

# पश्चिमाञ्चल सहकारीद्वारा रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असार**



पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्थाको २० औं स्थापना दिवसको अवसरमा रक्तदान सम्पन्न भएको छ।

वडा नं. ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले रक्तदाता संस्थाका सचिव मिलन श्रेष्ठ र ७० औं पटक रक्तदान गर्ने कृष्ण बहादुर थापालाई ब्लड ब्याग हस्ताण्तरण गर्दै कार्यक्रमको शुभारम्भ गरेका थिए। वडाभित्र रहेका संघसंस्थासँग सहकार्य गर्दै सामाजिक स्वास्थ्यमूलक कार्यक्रम गर्दै जाने बताए।

कार्यक्रममा सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाले सहकारीमार्फत सामाजिक उत्तरदायित्वका रचनात्मक कार्यक्रमहरु हुनु महत्वपूर्ण रहेको बताए । संस्थाका सल्लाहकार प्रा.डा.टुमाया घलेले रक्तदानको महत्वका बारेमा आम समुदायले बुझ्नुपर्ने बताईन् । संस्थाका अध्यक्ष हरिप्रसाद पाण्डेको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष अर्जुन प्रसमद ज्ञवाली, आकस्मिक रक्तदाता समूहका व्यवस्थापक नेत्र ढकाल, वडा सदस्य नन्दराम गिरी, संस्थाका कोषाध्यक्ष डा.छममाया पुन, सहसचिव महेश ज्ञवाली लगायतले आ आफ्नो धारणा राखेका थिए।

वि.सं. २०५८ मा स्थापित सहकारीले आम समुदायको सामुदायिक अस्पताल सञ्चालन सहित बचत तथा ऋण मार्फत १४ करोडको कुल कारोवार गर्दै आएको सचिव मिलन श्रेष्ठले बताए।

# बजेट निर्माणका क्रममा राष्ट्रघात भएको छैन: अर्थमन्त्री

**रासस**
**काठमाडौं, २ असार**

अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणका क्रममा कुनै पनि राष्ट्रघात नभएको स्पष्ट पार्नुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक अन्तर्गत अर्थमन्त्रालयसँग सम्बन्धित विषयमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिने क्रममा अर्थमन्त्री शर्माले बजेट निर्माणको क्रममा गोप्यता कायम राखिएको तथा अनधिकृत व्यक्तिको पहुँच तथा संलग्नता नरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिलेको बजेटमा न राष्ट्रघात भएको छ, न गद्दारी भएको छ। एउटा प्रक्रियामा गएर नै बजेट निर्माण गरिएको हो । करको दरलाई लिएर जुन राजनीतिक मुद्दा बनाउन खोजिएको छ । यो राजनीतिक कुरा नभई अराजनीतिक विषय हो ।" उहाँले बजेटका गोपनीयता कायम राखिएको स्पष्ट पार्नुभयो। "कुनै गोपनीयता भङ्ग भएको छैन । सम्बन्धित तहका कर्मचारीले नै बजेट बनाउने हो । म जवाफदेही छु । जिम्मेवार छु। बजेटमा राष्ट्रघात होइन, स्थिरतातर्फ लैजाने गरी मार्गदर्शन गरिएको छ ।"यस्तै, अर्थमन्त्रीले कोरोना बीमाको भुक्तानीका लागि कार्यतालिका तय गरिएको जानकारी दिनुभयो।

# आयोगको वार्षिकोत्सवमा सम्मान र वृक्षरोपण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ असार**

लोकसेवा आयोगको बागलुङ कार्यालयले ७२औं वार्षिकोत्सका अवसरमा वृक्षरोपण र सम्मान कार्यक्रम आयोजना गरिएको छ।

बुधवार कार्यालय परिसरमा कपुर, पारिजात, हर्रो, कल्कीलगायत बिरुवा रोपिनाका साथै दश वर्षदेखि त्यहाँ सेवारत कार्यालय सहयोगी देवीप्रसाद शर्मालाई सम्मान गरिएको शाखा अधिकृत भुवनहरि अधिकारीले जानकारी दिनुभयो । शर्मा विगत २८ वर्षदेखि सरकारी सेवामा हुनुहन्छ । लामो समयदेखि निष्ठा र इमान्दारीपूर्वक कार्यालयको सेवामा खटिएकाले उहाँलाई सम्मान गरिएको कार्यालयले जनाएको छ। कार्यालय परिसरको सौन्दर्य बढाउनाका साथै पर्यावरण स्वच्छ राख्न वार्षिकोत्सवका अवसरमा वृक्षरोपण गर्ने सोच पलाएको आयोगका परीक्षा शाखा प्रमुख गोपाल बरालले बताउनुभयो। आयोग विसं २००८ असार १ गते गठन गरिएको थियो।


रोयल बचत तथा ऋण सहकारी संस्था लि.
ROYAL Savings & Credit Co-operative Ltd.
पुतलीबजार न. पा.-१, स्याङ्जा
फोन नं. ०६३ : ४२०४५२, ४२००६७

## कर्जाको साँवा, ब्याज एवं हर्जना ब्याज समेतको रकम चुक्ता गर्न आउने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/०३

**श्री शेयर सदस्य महानुभावहरु :**

**यस रोयल वचत तथा ऋण सहकारी संस्था लि. स्याङ्जाबाट विभिन्न शिर्षकमा भिन्नभिन्न समयमा कर्जा लिई समयमै नियमित वा चुक्ता नभई भाखा नाघेका कर्जा ग्राहक, धितो मञ्जुरीनामा दिने तथा व्यक्तिगत धन जमानतमा बस्नेले (कोभिड-१९) का कारण बन्दाबन्दीको समय भन्दा अगाबै कर्जा नियमित वा चुक्ता नगरेका सम्पूर्ण ग्राहक, धितो मञ्जुरी दिने तथा व्यक्तिगत धन जमानत बस्नेले संस्थाको कार्यालय समयमा सम्पर्क राखि यथाशिघ्र साँवा, ब्याज र हर्जना ब्याज समेतको रकम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा नियमित वा चुक्ता गर्नु गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**अन्यथा संस्थाले आफ्नो अनुकूल समयमा लेना बाँकी साँवा, ब्याज र हर्जना ब्याज समेतको रकम असुलीको लागि संस्थाको नियमानुसार ग्राहक, धितो मञ्जुरी दिने तथा व्यक्ति(गत धन जमानत बस्नेको फोटो सहित ३ (तीन) पुस्ते नाम नामेसीको सूचना पत्रिकामा प्रकाशन गरी धितो लिलाम गर्ने, संस्थाले धितो सकार गर्ने, ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने तथा सम्बन्धित जिल्ला अदालतमा लेनदेनको मुद्दा दायर गर्ने लगाएतका सम्पूर्ण असुलीका काम कारबाही अगाडि बढाउने व्यहोरा सम्पूर्ण कर्जा ग्राहक, मञ्जुरीनामा दिने तथा व्यक्तिगत धन जमानत बस्नेहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

**यस कार्यबाट ऋणी सदस्यहरु, मञ्जुरी दिने र धन जमानत कर्ताहरुको व्यक्तिगत तथा सामाजिक प्रतिष्ठामा कुनै आँच पुगेमा संस्था जवाफदेही नहुने व्यहोरा समेत सूचित गरिन्छ।**



## सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशन मिति २०७९/०३/०३**

यस संस्थाको नियमानुसार आ.व. २०७९।८० का लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरीदगर्न छुट्टाछुट्टै सूची तयार गरी राख्नु पर्ने भएकोले इच्छुक सेवा प्रदायकहरुबाट आफुले उपलब्ध गराउने वस्तु तथा सेवाको विवरण, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र, कम्पनीको प्रोफाइल प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालय, पोखरा-१३, कास्कीको प्रशासन शाखामा वा ईमेल (ccsccltd@gmail.com)मार्फत उपलब्ध गराउन आह्वान गरिन्छ।

सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :

**क. छपाइ तथा मसलन्द**

१. स्टेशनरी सामान आपुर्ति कार्य
२. चेक तथा चेक कभर, चेक मांग स्लिप, नगद जम्मा भौचर, ऋण भौचर, आम्दानी भौचर, खर्च भौचर, वार्षिक प्रतिवेदन, बुलेटिन, हाते पुस्तिका, जनरल, शेयर प्रमाणपत्र, डायरी, क्यालेण्डर आदि छपाई तथा आपूर्ति कार्य
३. फ्लेक्स, होडिङ बोर्ड तथा साइनबोर्ड आदि आपूर्ति

**ख. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु**

१. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु आपुर्ति तथा सो सम्बन्धि सामानहरु मर्मत सम्भार समेतका कार्यहरु
२. कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर, क्यामेरा, बाह्य हार्ड डिसस्क लगाएत कम्प्यूटर सम्बन्धि अन्य सामानहरु आपुर्ति तथा मर्मत कार्यहरु
३. CCTV/Alarm System/EPABX/Telephone Sets/Fire Alarm/Battery/AC/UPS/Fire Extinguisher आदि सामानहरुको आपुर्ति तथा सो सम्बन्धि मर्मत सम्भार, रिफिलिङ जस्ता कार्यहरु
४. कार्यालय उपकरण, फोटोकपी, एयर कन्डिसन मेसिन, फेक नोट डिटेक्टर आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भारका कार्यहरु
५. प्रिन्टरको इन्क, कार्टेज, रिबन, टोनर, आपुर्ति तथा रिफिलिङ

**ग. निर्माण, मर्मत तथा सम्भार**

१. कार्यालय निर्माण/आन्तरिक सजावट
२. Networking Equipment/Connectivity/Services/IT Support/CCTV/AC Maintenance

**घ. फर्निचर तथा फिक्सचर्स सम्बन्धि कार्यहरु**

१. अफिस फर्निचर (मेटल तथा काठको) फाइलिङ ऱ्याक (क्याबिनेट), टेबुल, कुर्सि, दराज आदि आपुर्ति तथा मर्मत कार्य

**ङ.अन्य सेवाहरु**

१. धितो मुल्यांकन कर्ता २. युनिफर्म ३. विज्ञापन, सूचना प्रकाशन/प्रसारण

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरु :**

१. सूचीकरणको लागि पेश हुन आएको निवेदनसंग विवरण, क्षमता तथा दक्षतालाई आधार मानी निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता/आपुर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सूचीकृत गरिने छ।
२. सूचीकृत हुनको लागि आवेदनमा सबै वा कुनकुन सामानहरु आपुर्ति र मर्मत कार्य गरिने हो। खुलाउनु पर्नेछ।
३. सूचीकृत भएका फर्महरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेसन वा शिलबन्दी कोटेशन माध्यमबाट गरिने छ। तर सूचीकृत भएका सबै विक्रेता आपुर्तिकर्ता (फर्म कम्पनी) बाट सामान वा सेवा खरिद गर्न संस्था बाध्य हुनेछैन। सूचीकृत सेवा प्रदायक, आपुर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दर भाउ बढि भएमा बाह्य आपुर्तिकर्ताबाट नियम अनुसार सेवा लिने छ।
४. संस्थाले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सूचीकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि मांग लिन पाउने गरी कार्य गर्न सक्नेछ।
५. स्वीकृत भएका विक्रेता, कम्पनी, फर्मबाट संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्धारा भाग लिन अनुरोध गरिने छ।
६. अघिल्ला वर्षहरुमा संस्थामा सूचीकृत सेवा प्रदायकहरुले निवेदन र करचुंक्ता प्रमाणपत्रको प्रतिलिपि मात्र पेश गर्दा हुनेछ।
७. आपुर्तिकर्ताहरु (फर्म कम्पनी) सूचीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कास्की, फोन नं. ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७
Email : ccsccltd@gmail.com